रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

# ठेक्का सम्झौता अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२।०३।०९

यस कार्यालयको ठेक्का नं. RRM/NCB/Works/07/2081-082, *"Construction of Puware-Panbu-Dhamini-Bhuttar Road"* कार्यको लागि निर्माण व्यवसायी श्री *Singdan/Bishal JV, Bateswar-5, Dhanusa, Shantinagar, Nepal* र यस कार्यालय बीच मिति २०८१।०९।११ म सम्झौता भई मिति २०८२।०३।०५ सम्म सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने सम्झौता भएता पनि हालसम्म खरिद सम्झौताको कार्यतालिका अनुसार भौतिक प्रगति अन्त्यन्त न्यून रहेको, निर्माण कार्य सुचारु गरी समयमा सम्पन्न गर्न यस अघि पटक-पटक पत्राचार गर्दा र मौखिक जानकारी समेत गराउँदा चासो नदेखाएको र मिति २०८२।०१।०४ गते काम सुचारु गर्नको लागि छलफलमा बोलाईएको, मिति २०८२।०१।२२ गते कारवाही गरि कालो सूचीमा किन नराख्ने र मिति २०८२।०२।०२ गते कारवाही सिफारिस किन नगर्ने भनी पत्राचार गर्दा समेत त्यस जे.भी. ले यस कार्यालयमा उपस्थित भई निर्धारित समयावधिभित्र कुनै पनि किसिमको लिखित स्पष्टिकरण नदिएको, मिति २०८२।०२।०६ गते मोबिलाइजेशन पेश्की जफत सम्बन्धमा पत्राचार गर्दा र मिति २०८२।०२।२० गते सम्झौताको म्याद थप गर्न सन्तोषजनक कारण नभएकोले सम्झौताको म्याद थप नहुने भएको हुँदा सम्झौता अवधि भित्र नै काम सम्पन्न गर्नहुन भनि लिखित एवंम मौखिक अनुरोध गर्दा पनि निजले सम्झौताका सर्तहरु बमोजिम आफ्नो करारिय दायित्व पूरा नगरेको, हालको अवस्थामा सडकमा निर्माण कार्य नरहेको, स्थानीय जनता/उपभोक्ताले सास्ती भोग्नुपरिरहेको अवस्था रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(२) तथा ठेक्का सम्झौताको GCC Clause 72.3(g) बमोजिम Fundamental Breach of Contract भएकोले ठेक्का सम्झौताको GCC Clause72.1(c) मा भएको व्यवस्था र सारभुत रुपमा निर्माण व्यवसायीले उक्त ठेक्का सम्पन्न गर्ने विश्वसनीय परिस्थिति सिर्जना हुन नसकेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(२) समेतको आधारमा यस कार्यालयको मिति २०८२।०३।०७ गतेको निर्णय अनुसार ठेक्का सम्झौता अन्त्य गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ। ठेक्का सम्झौताको GCC(75.1) बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रुपमा भएको अवस्थित कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र यस कार्यालयमा सम्पर्क राखि वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत